



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com






❖ वर्ष ३५ ❖ २०७८ भदौ २७ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 September 12 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २६

## तारा इनमा छापामारी, नक्कली भारतीय नोटसहित केही व्यक्ति पक्राउ

जीतलाल श्रेष्ठ, निजगढ, २६ भदौ/

बाराको निजगढ नगरपालिकास्थित तारा इन होटलमा प्रहरी प्रधान कार्यालयको टोलीले शनिवार छापा मारी केही व्यक्तिलाई नक्कली भारतीय नोटसहित नियन्त्रणमा लिएको छ ।



होटल तारा इनमा प्रहरीले छापा मारेको र नक्कली भारु नोटको कारोबारी चढ्ने स्कार्पियो । तस्वीरः जीतलाल श्रेष्ठ

शनिवार बिहान ८ बजे प्रहरी प्रधान कार्यालयको टोलीले बारा प्रहरीको सहकार्यमा तारा इन होटलमा छापामारी गरेको थियो । छापामारीको क्रममा चारजनालाई नियन्त्रणमा लिएको र उनीहरूबाट नक्कली भारु ५० लाखभन्दा बढी बरामद भएको स्रोतले जनाएको छ। जबकि यसको पुष्टि आधिकारिकरूपमा प्रहरीले गरेको छैन। बिहानदेखि यो समाचार तयार गरुन्जेल राति आठ बजेसम्म सोधपूछ जारी थियो।

पक्राउ परेका चारजना व्यक्ति ६–७ महीनादेखि सो होटलमा आउने जाने गरिरहेका थिए। होटलमा बस्दा उनीहरूले आफूहरूलाई जग्गाको कारोबारी बताउँदै आएका थिए। पक्राउ परेका व्यक्तिहरूको चहलपहल सो होटलमा गत एक महीनादेखि साताको दुईपटक हुने गरेको होटलको रजिस्टरबाट देखिन्छ। पक्राउ परेका व्यक्तिहरू चढ्ने बा.१४च ९३८२ नम्बरको स्कार्पियोलाई पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।

यी सबै घटनाको प्रहरीले पुष्टि गर्न बाँकी छ ।

प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक उमेश रञ्जीतकारले दिनभरि नै सञ्चारकर्मीहरूको फोन उठाएनन्। फोन उठाएका बारा प्रहरीका प्रमुख प्रहरी उपरीक्षक दीपेन्द्र शाहीले सबै कुरा आफूलाई पनि थाहा नभएको बताए । केहीबेर पख्नुस् बताउँछु, त्यति मात्र भने । तर राति ८ बजेसम्म फोन गर्ने सबै सञ्चारकर्मीलाई उनको भनाइ नै थियो– केहीबेर पख्नुस् सबै बताउँछु।

प्रहरी स्रोतले निजगढको तारा इन होटलबाट नियन्त्रणमा लिएका मानिसहरूको बयानको आधारमा शनिवार रौतहटबाट पनि केही मानिसलाई भारतीय जाली नोटसहित पक्राउ गरेको बताएको छ। तर रौतहटमा पक्राउ परेका व्यक्तिहरूको पनि नाम सार्वजनिक गरिएको छैन ।

यसैबीच, घटनाको समाचार लिन तारा इन होटल पुगेकी पत्रकार मनिता पाण्डेले फोटो खिच्दा उनको मोबाइल प्रहरीले नियन्त्रणमा लिएर फोटो डिलिट गरी फिर्ता गरेको थियो ।

प्रहरीले नियन्त्रणमा लिएका मानिसहरूलाई जीपमा बसाउने क्रममा पत्रकार पाण्डेले मोबाइलबाट तस्वीर लिएकी थिइन् । पाण्डे नेपाल पत्रकार महासङ्घ बाराकी उपाध्यक्ष हुन् । पत्रकारमाथिको दुर्व्यवहारको स्थानीय सञ्चारकर्मीहरूले चर्को विरोध गरेका छन् ।

## ५२ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, २६ भदौ/

वीरगंज सिटी मार्केटद्वारा आयोजित रक्तदान कार्यक्रममा ५२ जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।



तस्वीरः प्रतीक

घण्टाघरदेखि उत्तरतर्फ रहेको मार्केटमा आयोजित रक्तदान कार्यक्रमको नगरप्रमुख विजयकुमार सरावगीले उद्घाटन गरेका थिए । रक्तदान कार्यक्रममा प्रद्युम्न गुप्ता, उपेन्द्र ठाकुर लोहार, जयरामकुमार राम, विक्की सर्राफ, रामप्रवेश साह, रमेश यादव, मनोज साह, रामेश्वर पटेल, सगीर हवारी, सुनील महतोलगायतले रक्तदान गरेका थिए ।




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

भ्रष्टाचारीलाई तिरस्कार र इमानदारीलाई पुरस्कार संस्कृतिको विकास गरौं ।
घूस लिने र दिने दुवै उत्तिकै दोषी हुन् ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



## विचारसार र सूक्तिहरू

**आजको दिन र हाम्रो कर्तव्य यी दुवैमाथि हाम्रो अधिकार छ तर भविष्य र कार्यको फल ईश्वरसँग हुन्छ।**

**– होरेल ग्रील**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# यस कारण पर्सामै नयाँ औद्योगिक क्षेत्र

## समयान्तर




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**हामीकहाँ औद्योगिक क्षेत्रको उपयोगको अभ्यास र सरकारले नयाँ औद्योगिक क्षेत्रका लागि छनोट गरेका स्थानका बारेमा पर्याप्तै विरोधाभास छन्। युरोपमा सफल मानिएको औद्योगिक क्षेत्र हामीकहाँ प्रवेश पाएको छ दशक बितिसकेको छ।**

नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको एउटा अध्ययन प्रतिवेदनले प्रदेश नं २ लाई औद्योगिक सम्भाव्यतामा सबैभन्दा अगाडि देखाएको छ। प्रदेश २ को भूअवस्थिति र उद्योग–व्यापारसँग सरोकार राख्ने भौतिक पूर्वाधारहरूको उपलब्धतालाई सम्भाव्यताको आधार भनिए पनि त्यसको उपयोगमा समस्याहरू पनि नऔंल्याइएको भने होइन।

पर्सा र बारा प्रदेश २ का औद्योगिक सम्भाव्यताका जिल्ला हुन्। मुख्य नाकास्थित जोडिएको त्रिभुवन राजपथको दायाँ–बायाँ करीब २६ किलोमिटरमा उद्योग प्रतिष्ठान फैलिएका छन्। अब यो क्षेत्रमा कुनै पनि उद्योगका लागि जग्गाको प्राप्ति कठिन काम बनेको छ।

कठिन यस अर्थमा कि यो कोरिडोरमा जग्गाको भाउ बर्सेनि आकाशिएको छ। यो तथ्यलाई नेपाल राष्ट्र बैंकको अध्ययन प्रतिवेदनले पनि उजागर गरेको छ। राष्ट्र बैंकले जग्गाको मूल्य अत्यधिक बढ्नुलाई प्रदेश २ मा उद्योगमा लगानीको चुनौतीको रूपमा अर्थ्याएको छ।

आज वीरगंजदेखि पथलैयासम्म राजमार्ग त परको कुरा भित्री सडकमा समेत उद्योगका लागि उपयुक्त जग्गा फेला पार्नु मुश्किल काम बनेको छ। पाइहाले पनि चर्को मूल्यका कारण लगानीकर्ता हच्किने गरेका छन्। आजको दिनमा यस क्षेत्रमा उद्योग खोल्दा कम्तीमा २५ प्रतिशत लगानी जग्गामा मात्रै जाने उद्यमीहरूको अनुभव छ। यसलाई आधार मान्दा अब यो क्षेत्र नयाँ उद्योगका लागि उपयुक्त रहेन। सम्भाव्यता उपयोगका निम्ति सहज विकल्पको व्यवस्थापन अनिवार्य भइसकेको छ।

हुनत सतहीरूपमा हेर्दा उद्योगका लागि जग्गाको व्यवस्थापन लगानीकर्ताको टाउको दुखाइको विषय हो। उत्पादनका आयामहरूको सूक्ष्म विश्लेषण गर्दा स्थिरदेखि चालू पूँजीमा लाग्ने खर्चको अन्तिम भार त उत्पादनमा पुग्नेमा द्विविधा छैन। यसले एकातिर उपभोक्ता मूल्यलाई बढाइराखेको हुन्छ भने स्वदेशी उत्पादनको प्रतिस्पर्धी क्षमता कमजोर बनाउँछ।

उत्पादनको लागत महँगो राखेर हामीले प्रतिस्पर्धी र सबल अर्थतन्त्रको कल्पना गर्न सक्दैनौं। अहिले नै स्वदेशमा आत्मनिर्भर भनिएका अधिकांश वस्तुको आयाततर्फ लगाइएको उच्च दरको भन्सार महसूलको छेको हटाएर हेरौं त, त्यस्ता उद्योग बन्द हुन समय लाग्दैन।

प्रकारान्तरले यो उद्योग संरक्षणका नाममा उपभोक्तामाथिको चरम शोषणको सिलसिला नै हो। उच्च दरको भन्सार दर लगाएर सरकार र लगानीकर्ता दुवैले कमाइको सहज बाटो अपनाएका छन्। त्यसको भार आम उपभोक्ताको टाउकोमा थुपारिएको छ। यसबाट सरकारलाई राजस्व आइराखेको छ। लगानीकर्तालाई प्रतिस्पर्धाका लागि आफूलाई अद्यावधिक गर्ने झन्झटबाट उन्मुक्ति मिलेको छ।

हामी खुला बजार अर्थतन्त्र र विश्वव्यापीकरणको कुरा गरेर थाक्दैनौं। प्रतिस्पर्धी क्षमता बढाउनुको सट्टा अनुदार शैलीलाई अपनाइएको छ। जबसम्म आयातित वस्तुलाई भन्सारमा राजस्वको अवरोध हालेर जिम्मेवारीबाट पन्छिइरहन्छौं, हामीले विश्व बजारमा आफूलाई गतिलोसँग उभ्याउन सक्दैनौं।

प्रतिस्पर्धाका लागि उत्पादनको लागत न्यूनीकरणमा लाग्नुपर्दछ। हाम्रा उत्पादनका अवयवहरू महँगो भएको तथ्यलाई सरकार र सरकारी दस्तावेजहरूले स्वीकार गरेको पनि छ। प्रतिस्पर्धी आधार निर्माणमा भने चरम उदासीन प्रकट भइआएको छ। यो नै अर्थतन्त्रको सापेक्ष गतिको एउटा मूल अवरोध हो।

उत्पादनमा पूँजीको लागत कसरी कम गर्ने ? पूँजीको मुख्य अंश जग्गाको व्यवस्थापनमा गइराखेको छ। पर्सा र बारालाई औद्योगिक लगानीका दृष्टिले जति नै सम्भावनायुक्त मानिए पनि औद्योगिक लगानीको परिमाणले त्यो देखाउँदैन। बरु भौगोलिकरूपमा विकट मानिएको कर्णालीमा २ नम्बरको तुलनामा बढी औद्योगिक लगानी देखिएको तथ्याङ्क आर्थिक सर्वेक्षणमा छ। तात्पर्य २ नम्बर प्रदेशको सम्भावनाको दोहन हुन सकेको छैन।

पर्सा–बारा कोरिडोरमा आकाशिएको जग्गाको भाउको विकल्प खोजियो भने नयाँ औद्योगिक लगानीको अवसर पनि खुल्न सक्दछ। लगानी यस्तो चीज हो, जो जता सहज छ, त्यतै बग्दछ। पछिल्ला वर्षहरूमा भैरहवा, नेपालगंजलगायतका क्षेत्रतिर उद्योग विस्तार भइराखेको छ। यो पर्सा–बारा कोरिडोरमा जग्गाप्राप्तिमा देखिएको असहजताको परिणाम पनि हुन सक्दछ। पर्सा–बारा कोरिडोरमा अहिले पनि साना ठूला गरी एक हजारभन्दा बढी उद्योग सञ्चालनमा रहेको अनुमान छ। अब यही क्षेत्रमा नयाँ औद्योगिक क्षेत्रको माग अगाडि आउन थालेको छ।

केही वर्षअघिसम्म पर्सा–बारा कोरिडोरलाई औद्योगिक कोरिडोर घोषणा गरिनुपर्ने माग अघि सारिएकोमा अब लगानीकर्ताको प्राथमिकता फेरिएको छ। कोरिडोरमा बढ्दो उद्योगको चाप र जग्गाको मूल्य, मानवबस्ती र उद्योगबीचको टकरावजस्ता कारणले यो क्षेत्र अब नयाँ उद्योगका निम्ति उपयुक्त छनोटमा पर्न छोडेको छ। तर यो क्षेत्रको भौगालिक अवस्थिति र सुक्खा बन्दरगाह, रेलमार्ग, आइसिपी, निर्माणाधीन द्रुतमार्ग, अन्तर्राष्ट्रिय विमानस्थलजस्ता पूर्वाधारले लगानीको सम्भाव्यतालाई नै बढाएको छ। यो क्षेत्रको भौगोलिक र भौतिक सम्भावनाको उपयोगका निम्ति पर्सा–बारा क्षेत्रमैं अर्को नयाँ औद्योगिक क्षेत्र निर्माण गरिनुपर्ने माग मुखरित हुनु स्वाभाविक छ।

कतिले बाराको सिमरामा विशेष आर्थिक क्षेत्रका लागि छुट्याइएको ८०० बिघा जग्गामा औद्योगिक क्षेत्र बनाउनुपर्ने विकल्प बताइराखेका छन्। कम्तीमा दुई हजार बिघा जग्गा व्यवस्थापन गरी पूर्वाधारयुक्त औद्योगिक क्षेत्र बनाउनुपर्ने सुझाव अर्काथरीको छ। देश सङ्घीयतामा गइसकेपछि सरकारले प्रत्येक प्रदेशमा नयाँ औद्योगिक क्षेत्र बनाउने घोषणा मात्र गरेन, आर्थिक वर्ष २०७३/७४ को बजेटमार्फत नयाँ औद्योगिक क्षेत्रका लागि बजेट विनियोजन पनि भयो।

अहिलेका अस्तित्वमा रहेका १० वटा औद्योगिक क्षेत्रमा करीब १५ हजारजनाले रोजगार पाएको सरकारी तथ्याङ्क छ। तर यो आँकडा सन्तोषजनक भने होइन। नयाँ औद्योगिक क्षेत्र थपिएपछि यस्ता क्षेत्रमा खुलेका उद्योगमा कम्तीमा पाँच लाखजनाले रोजगार पाउने सरकारको अनुमान छ।

हामीकहाँ औद्योगिक क्षेत्रको उपयोगको अभ्यास र सरकारले नयाँ औद्योगिक क्षेत्रका लागि छनोट गरेका स्थानका बारेमा पर्याप्तै विरोधाभास छन्। युरोपमा सफल मानिएको औद्योगिक क्षेत्र हामीकहाँ प्रवेश पाएको छ दशक बितिसकेको छ। अहिले १० वटा औद्योगिक क्षेत्रमा सात सय उद्योग छन्। तीमध्ये चालू अवस्थामा कति छन् र कति बन्द छन् भन्ने हिसाब सरकारसँग छैन। अधिकांश यस्ता पूर्वाधार अपायक ठाउँमा परेकाले लगानीकर्ताको प्राथमिकतामा नपरेका हुन्।

अधिकांश उद्योग स्वत:स्फूर्तरूपमा विस्तार भएका औद्योगिक कोरिडोरमा खुलेका छन्। दक्षिणी सीमान्त क्षेत्रका कोरिडोरमा बढी आकर्षण देखिएको छ। अधिकांश ठूला कारखाना यस्तै क्षेत्रमा खुलेका छन्। वीरगंज, विराटनगर, भैरहवा, नेपालगंजलगायतका क्षेत्रमा उद्योगको बाहुल्यता यस्ता संरचनामा छ।

पर्सा–बारा कोरिडोरमा त एउटा औद्योगिक क्षेत्रसमेत छैन। सिमराको सेज दशकभन्दा लामो समयदेखि योजनामैं अड्किएको छ। अहिले प्रदेश २ मा प्रस्ताव गरिएको औद्योगिक क्षेत्र सर्लाहीको सागरनाथ वन क्षेत्रमा बनाउने भनिएको छ। पूर्वाधारका हिसाबले वीरगंज आसपासको क्षेत्र उपयुक्त मानिन्छ। अपायक भएकै कारण सप्तरीको गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्र चरनमा परिणत भइसकेको छ।

उद्योग खोल्न यातायातको सहज पहुँच, विद्युत् आपूर्ति, बजारसँगको सम्बन्धजस्ता कुरा महत्त्वपूर्ण मात्र होइनन्, पूर्वशर्त नै हुन्छन्। कच्चा पदार्थको आपूर्ति, उत्पादनको आन्तरिक ढुवानी, बाह्य बजारमा सहज पहुँच, कामदारको आपूर्तिजस्ता कारणले पर्सा–बारा क्षेत्र औद्योगिक उत्पादनका लागि सहज बनेको हो। यस आधारमा पर्सा–बारा क्षेत्रमा नयाँ औद्योगिक क्षेत्र निर्माणको आग्रहलाई बेवास्ता गरिनुपर्ने कारण छैन। लोकप्रियता र लहडमा न्यून सम्भाव्यताको क्षेत्रमा खोलिएका यस्ता पूर्वाधार बाँदरको पुच्छर लौरो न हतियार बन्ने सम्भावना नै बलियो देखिन्छ।

अहिले वीरगंजबाट पश्चिमतर्फ पदमरोडमा कुनै मापदण्डविनै उद्योग विस्तार भइराखेका छन्। भोलिका दिनमा वीरगंज–पथलैया कोरिडोरको समस्या यहाँ नदोहोरिएला भनेर ढुक्क हुने अवस्था छैन। वीरगंज नाकाबाट तुलनात्मक निकट हुनुका कारण बाराभन्दा पर्साको ग्रामीण क्षेत्रका खोला किनारका जग्गा औद्योगिक क्षेत्रका लागि उपयुक्त छनोट बन्न सक्दछन्। यस्तो क्षेत्रको पहिचान गरी सरकारले उद्योगलाई बिक्री गर्न वा भाडामा उपलब्ध गराउन सक्दछ। यसो हुँदा पर्साको पूर्वी क्षेत्रमा केन्द्रित शहरी पूर्वाधार पश्चिम भेगतिर विस्तार पनि हुनेछ। वीरगंज–पथलैया कोरिडोरमा अहिले देखा परेको उद्योग र समुदायबीचको अन्तरद्वन्द्व नयाँ औद्योगिक क्षेत्रमा नदोहोरियोस् भन्नका निम्ति त्यसै अनुसारका विधि–पद्धतिको विकास पूर्वशर्त हुनेछ।

# जीव, जगत् एवं ब्रह्ममा एकत्वको अनुभूति हो समाधि

**समाधिको अवस्था नै शाश्वत आनन्दको अवस्था हो। यस अवस्थालाई प्राप्त गरेपछि साधकको जीवन र जगत्प्रति हेर्ने दृष्टिकोण बदलिन्छ। उसले यस अखिल विश्व ब्रह्माण्डलाई परब्रह्मा परमेश्वरको विराट स्वरूप मानेर हरेक पल उनको अनुभूति गर्न थाल्छ। आफ्नो कर्तव्यकर्मलाई ईश्वरको पूजा मान्न थाल्छ।**

स्वामी विवेकानन्द बाल्यकालदेखि नै ध्यानको अभ्यास गर्दथे। उनी प्रतिदिन भगवान् शिवको मूर्तिको अगाडि ध्यान लगाएर बस्थे। परिणामस्वरूप प्रतिदिन सुत्नुभन्दा पहिले उनलाई एउटा अद्भुत दर्शन हुन्थ्यो। आँखा चिम्लिने बित्तिकै उनको आँखीभौंको बीचमा निरन्तर परिवर्तनशील रङ्गको एउटा ज्योतिपुञ्ज देखिन्थ्यो। त्यो ज्योतिपुञ्ज क्रमश: एउटा गोलो आकारको भएर फुट्थ्यो र त्यसबाट निस्सृत हुने एउटा शुभ ज्योतिपुञ्जबाट उनको सम्पूर्ण शरीर नुहाउँथ्यो। त्यस आलोकको अवलोकन गर्दै उनी बिस्तारै–बिस्तारै निद्रामा डुब्थे। ध्यानको यस्तो नै सहज, स्वाभाविक पृष्ठभूमिमा नै समाधिको महान् घटना घट्ने गर्छ।

सन् १८८० मा स्वामी विवेकानन्द उच्च शिक्षाको लागि कोलकाताको जनरल एसेम्बलीज इन्स्टिच्युशनमा भर्ना भए। त्यस कलेजका प्राचार्य एवं अङ्ग्रेजी साहित्यका प्राध्यापक प्रो हेस्टीले एक दिन विलियम वड्र्सवर्थको कविता The Excursion को व्याख्या गर्ने बेला समाधिको चर्चा गर्दै भनेका थिए कि यस्तो उच्च आध्यात्मिक अनुभूति चित्तशुद्धि एवं एकाग्रताको फलस्वरूप आउँछ।

उनले यो पनि भने कि एकमात्र दक्षिणेश्वरका रामकृष्णलाई नै मैले यस उच्च अवस्थामा अनुभव गरेको देखें। उनीकहाँ गएर हेर, तब साँच्चै बुझ्छौ समाधि के हो ? र यसलाई कसरी प्राप्त गर्ने ? नरेन्द्रलाई तबसम्म पर्याप्त दिव्यदर्शन एवं आध्यात्मिक शक्तिको स्फुरणको अनुभव भइसकेको थियो र उनको मन यसबाट भरिसकेको थियो। रामकृष्ण परमहंससँग भेटेपछि उनको मन अद्वैत दर्शनको सर्वोच्च अनुभूति निर्विकल्प समाधिको लागि व्याकुल भइरहेको थियो। उनले एक दिन रामकृष्णसमक्ष आफ्नो इच्छा व्यक्त गरे र गुरुकृपाबाट एक दिन अचानक नै उनले समाधिको दिव्य अनुभूति गर्न पाए।

सदैवसरह त्यस दिन पनि नरेन्द्र ध्यान गर्न बसेका थिए कि उनलाई अचानक यस्तो बोध हुन थाल्यो मानौं उनको शिरको पछिल्लो भागमा एउटा दीप बलिरहेको छ। त्यो आलोकपुञ्ज क्रमश: बढ्दै अन्त्यमा फुट्थ्यो। नरेन्द्र त्यस ज्योति सागरमा डुबेर बाह्य चेतना गुमाउँथे। केही समयपछि जब उनी सामान्य मनोभूमिमा आउन थाल्थे सबैभन्दा पहिले उनलाई केवल आफ्नो टाउको मात्र बोध हुन्थ्यो, बाँकी शरीर अचेत थियो। उनी घण्टौंसम्म त्यसै अवस्थामा थिए।

यस प्रकार एकपटक समाधिको अलौकिक आनन्दको अनुभूति भएपछि स्वामी विवेकानन्द प्राय: ध्यानको गहिराइमा पुगेर समाधि सुख प्राप्त गर्न थाल्थे। तर वस्तुत: समाधि के हो र के यो सबैको लागि सुलभ छ ? यस प्रकारका प्रश्न साधकको मनमा सहजै आउन–जान थाल्यो। समाधि त्यो अवस्था हो, जसमा साधकलाई जीव, जगत् तथा ब्रह्मको बीच पूर्ण एकत्वको अनुभूति हुन्छ। समाधिको आनन्दको अगाडि समस्त भौतिक सुख फिक्का हुन्छ। समस्त सांसारिक सुख, विषय रस फिक्का हुन थाल्छ।

समाधि समस्त योग–साधनाको सार हो, शीर्ष हो, निष्कर्ष हो, प्रतिफल हो, पराकाष्ठा हो, परिणाम हो, पुरस्कार हो, चरमबिन्दु हो। जब वर्षौंको नियमित योग–साधनाको फलस्वरूप चित्तवृत्तिको विरोध हुन्छ, समापन हुन्छ, चित्तमा उठ्ने विकार र संस्कारको लहर सदा–सदाको लागि समाप्त हुन्छ, शान्त र प्रशान्त हुन्छ, तब साधकलाई स्वत: नै एउटा अलौकिक, पारलौकिक आनन्दको अनुभूति हुन थाल्छ। चित्तको परम आनन्दमयी, चैतन्यमयी र सत्यमयी अवस्थाको नाम नै समाधि हो। यसलाई नै परमानन्द, ब्रह्मानन्द, मोक्ष, मुक्ति, निर्वाण, कैवल्य, आत्मसाक्षात्कार, ईशदर्शन आदि विभिन्न नामबाट जानिन्छ।

जब साधक ध्यानद्वारा ध्येयमा पूर्णत: विलीन हुन्छ, विसर्जित हुन्छ र उसमा द्वैतभावको सर्वथा अभाव हुन्छ, तब त्यस अवस्थालाई नै समाधि भनिन्छ। यस्तो अवस्थालाई तुरीयावस्था पनि भनिन्छ। जब ध्यानको अभ्यास गर्दागर्दै साधक यस्तो अवस्थामा पुग्छ कि उसलाई स्वयम् भए–नभएको भान पनि रहँदैन र केवल ध्येय मात्र रहन्छ, त्यस अवस्थालाई नै समाधि भनिन्छ।

महर्षि पतञ्जलि योगसूत्र ३/३ मा भनिएको छ– **तदेवार्थ मात्रनिर्भासं स्वरूपशून्यमिव समाधिः॥**

अर्थात् जब (ध्यानमा) केवल ध्येय मात्र नै प्रतीति हुन्छ र चित्तको निजस्वरूप शून्यसरह हुन्छ, तब त्यही ध्यान समाधि बन्छ।

यो त्यो अवस्था हो, जब ज्ञेय, ज्ञान तथा ज्ञाताको अन्तर समाप्त हुन्छ। यो त्यो अवस्था हो, जब ध्येय, ध्यान तथा ध्याताको अन्तर समाप्त हुन्छ। साधक मनदेखि टाढा निकै टाढा पुग्छ। साधक मात्र मुक्त साक्षी आत्मा रहन्छ। तब ऊ परम स्थिर र परम जाग्रत हुन्छ। त्यो शब्द, स्पर्श, रूप, रस, गन्ध, अन्धकार, प्रकाश, जन्म, मरण आदि विषयभन्दा टाढा हुन्छ। ऊ जाडो–गर्मी, भोक–प्यास, यश–अपयश, मान–अपमान, दु:ख–सुख आदि अनुभूतिबाट पनि टाढा हुन्छ। समाधिमा न त ध्याता रहन्छ, न ध्यान नै।

ध्यान र समाधिमा एउटा महत्त्वपूर्ण अन्तर यो हो कि साधक जब ध्यान गरिरहन्छ, तब उसलाई यो अनुभूति हुन्छ कि ध्याता छ र ऊ ध्येयको ध्यान गरिरहेको छ। अर्थात् यहाँ द्वैत भावना बनिरहन्छ, तर जसरी जसरी ध्यान गहिरो हुँदै जान्छ, त्यसरी नै यो द्वैत भावना पनि क्षीण हुन्छ। ध्यानको अनन्त गहिराइमा पुगेपछि, डुबेपछि साधकको द्वैत भावना पूर्णरूपले समाप्त हुन्छ किनभने ध्यान–सिन्धुमा डुब्ने बित्तिकै साधकको चित्त ध्येयमा पूर्णरूपेण परिवर्तित हुन थाल्छ र यस्तोमा स्वयम्को अस्तित्वको पनि अभाव हुन्छ। यहाँ केवल ध्येय मात्र शेष रहन्छ। यस्तोमा केवल अद्वैत नै शेष रहन्छ। यही समाधि हो। अर्थात् जब साधक (ध्याता) ध्यान गर्दागर्दै ध्येयमा यस प्रकार समाहित हुन्छ, विसर्जित हुन्छ, विलीन हुन्छ कि उसको आफ्नो अस्तित्व नै समाप्त हुन्छ तथा केवल ध्येय नै शेष रहन्छ, तब उसले अद्वैत अवस्थालाई प्राप्त गर्छ।

यदि कुनै नूनको टुक्रा समुद्रमा फाल्छौं भने त्यो समुद्रको गहिराइमा पुग्दापुग्दै समुद्रमैं समाहित हुन्छ, विलीन हुन्छ र आफ्नो अस्तित्व गुमाउँछ। त्यसरी नै साधकले पनि समाधिको अवस्थामा आफ्नो निजस्वरूपलाई गुमाउँछ। प्रभुको ध्याता साधक प्रभुरूपी समुद्रमा स्वयम्लाई विसर्जित गर्छ र मुक्त हुन्छ। चित्तवृत्तिको निरोध हुनु पूर्वसम्म साधक आफ्नो चित्तवृत्तिलाई नै आफ्नो स्वरूप सम्झिन्छ, तर चित्तवृत्तिमा निरोध हुने बित्तिकै उसलाई आफ्नो वास्तविक स्वरूपको ज्ञान हुन्छ र त्यस समय द्रष्टा (आत्मा)को आफ्नो स्वरूपमा सदाको लागि स्थिति हुन्छ, किनभने चित्तमा कैयौं जन्मदेखि सञ्चित कर्म संस्कार र विकार सधैं–सधैंको लागि समाप्त हुन्छ।

यस अवस्थालाई कैवल्य अवस्था, निर्विकल्प समाधि अथवा सबीज समाधि पनि भनिन्छ। यस अवस्थामा व्यक्ति सबै प्रकारका क्लेशबाट सदा–सदाको लागि मुक्त भएर सदैव आनन्दित र प्रफुल्लित हुन थाल्छ। यस्तो अवस्थालाई एकपटक प्राप्त गरेपछि साधक सहजै खाँदैपिउँदै, हिंड्दै–डुल्दै, सुत्दै–जाग्दै, हाँस्दै–गाउँदै समाधिको अवस्थामा रहन थाल्छ। उसले आँखाविना पनि हेर्न सक्छ, कानविना सुन्न सक्छ, जन्म–मरणबाट मुक्त भएर स्थूलशरीरबाट बाहिर कतै पनि स्वयम्लाई अभिव्यक्त गर्न सक्छ।

यस सन्दर्भमा सन्त दादुदयालले भनेका छन्–

**बिन श्रवणौ सब कुछ सुनै,**
**बिना नैन सब देखै।**
**बिन रसना मुख सब कुछ बोलै,**
**यह दादू अचरज पैखै॥**

समाधिको अवस्था नै शाश्वत आनन्दको अवस्था हो। यस अवस्थालाई प्राप्त गरेपछि साधकको जीवन र जगत्प्रति हेर्ने दृष्टिकोण बदलिन्छ। उसले यस अखिल विश्व ब्रह्माण्डलाई परब्रह्मा परमेश्वरको विराट स्वरूप मानेर हरेक पल उनको अनुभूति गर्न थाल्छ। आफ्नो कर्तव्यकर्मलाई ईश्वरको पूजा मान्न थाल्छ। जीवसेवालाई शिवसेवा मान्न थाल्छ। ऊ हरेक पल स्वयम् आनन्दित रहन्छ र अरूलाई पनि आनन्दित र आलोकित गरिरहन्छ। अध्यात्म र आध्यात्मिक हुनुको उद्देश्य पनि त वस्तुत: यही हो।

हामी यस अलौकिक अवस्थाको प्राप्तिका लागि आफ्नो अभिरुचि र प्रकृति अनुसार कुनै पनि योग–साधनाको मार्गलाई अपनाउन सक्छौं। अभ्यास र वैराग्य, क्रियायोग (तप, स्वाध्याय, ईश्वर प्रणिधान), अष्टाङ्ग योग निष्काम कर्म, निष्काम भक्ति, ध्यान, इष्टद्वारा प्रदत्त गुरुमन्त्र, गुरुकृपा आदि कुनै पनि साधनको माध्यमबाट यसलाई प्राप्त गर्न सक्छौं। साधनामा नियमितता, निश्छलता, निष्कपटता र अटूट श्रद्धा–भक्ति र विश्वास हुनु अति आवश्यक छ। यो यस्तो प्रयोग हो, जसलाई कुनै पनि साधकले आफ्नो जीवनरूपी प्रयोगशालामा गर्न सक्छ र स्वयम् यसको प्रभाव र अनुभवलाई अनुभूति गर्न सक्छ। आचार्य शङ्करले पनि विवेक चूडामणिको प्रस्तुत श्लोकमा यही उपदेश दिएका छन्–

**निरन्तराभ्यासवशात्तदित्थं**
**पक्वं मनो ब्रह्माणि लीयते यदा।**
**तदा समाधिः स विकल्पवर्जितः**
**स्वतोऽद्वयानन्दरसानुभावकः॥३६३॥**

अर्थात् जुन समय रात–दिनको निरन्तर अध्यासबाट परिपक्व भएर मन ब्रह्ममा लीन हुन्छ, त्यस समय अद्वितीय ब्रह्मानन्द रस अनुभव गराउने निर्विकल्प समाधि स्वयम् नै सिद्ध हुन्छ। यो समाधि नै साधकको यात्राको अन्तिम बाटो हो।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## मोरक्कोमा नयाँ प्रधानमन्त्री नियुक्त

राबात, २६ भदौ/सिन्ह्वा

मोरक्कोमा शुक्रवार नयाँ प्रधानमन्त्री नियुक्त गरिएको छ। मोरक्कोका राजा मोहम्मद छैटौंले अजिज अखान्नौचलाई नयाँ प्रधानमन्त्रीका रूपमा नियुक्त गरेका हुन्।


नवनियुक्त प्रधानमन्त्री अजिज अखान्नौच। तस्वीरः एएफपी

नेशनल न्याली अफ इन्डेपेन्डेन्ट (आरएनआई)का अध्यक्षसमेत रहेका अखान्नौचलाई मन्त्रिपरिषद् गठन गर्ने जिम्मेवारीसमेत राजाले दिएका छन्।

यही सेप्टेम्बर ८ मा भएको निर्वाचनको नतीजाका आधारमा उनलाई प्रधानमन्त्रीमा नियुक्त गरिएको राजदरबारबाट प्रकाशित वक्तव्यमा उल्लेख गरिएको छ।

निर्वाचनमा उनको पार्टीले जीत हासिल गरेको छ। प्रधानमन्त्रीमा नियुक्त भएका अजिज अहिले ६१ वर्षको भएका छन्। उनले सन् २००७ देखि २०१७ सम्म कृषिमन्त्रीका रूपमा सेवा गरेका थिए।

उनको आगमनसँगै जस्टीस एन्ड डेभलपमेन्ट पार्टीको सरकार अन्त्य भएको छ। सो पार्टीले गत सन् २०११ देखि गठबन्धन सरकार चलाउँदै आएको थियो।

मोरक्कोमा गत बुधवार तल्लो सदनका सदस्य र स्थानीय तहका प्रतिनिधि चयनका लागि मतदान भएको थियो।

निर्वाचनका लागि देशभरि झन्डै एक करोड ७५ लाख आधिकारिक मतदाता रहेका थिए। कोरोना भाइरसको महामारीलाई मध्यनजर गर्दै मतदान केन्द्र तोकिएको र मतदान केन्द्रमा भीडभाड नहुने व्यवस्था गरिएको थियो।

तल्लो सदनका लागि देशभरिबाट ३९५ जना छानिने गरी निर्वाचन भएको थियो। त्यसैगरी, स्थानीय प्रतिनिधिका रूपमा झन्डै ३१ हजार चुनिने गरी निर्वाचन भएको निर्वाचन आयोगले जनाएको छ।

निर्वाचनका लागि मोरक्कोका मात्रै झन्डै चार हजार ५०० र विदेशी झन्डै १०० निकायका पर्यवेक्षक खटिएका थिए।

निर्वाचन आयोगले प्रान्तीय परिषद्को निर्वाचन भने यही सेप्टेम्बर २१ र माथिल्लो सदनको निर्वाचन अक्टोबर ५ मा गर्ने तयारी गरेको छ। रासस

## राष्ट्रपति बाइडेनद्वारा श्रद्धाञ्जलि व्यक्त

न्यूयोर्क, २६ भदौ/एपी

राष्ट्रपति जो बाइडेनले ९/११ को आतङ्कवादी घटनामा मारिएकाप्रति श्रद्धाञ्जलि व्यक्त गरेका छन्।

राष्ट्रपति बाइडेनले राष्ट्रका नाममा सम्बोधन गर्दै उक्त हमलापछि त्रास र आतङ्कविरुद्ध सिर्जनामा भएको एकता र सहकार्यको भावनालाई पुनः जागृत गराउन आह्वान गरेका छन्।

आजभन्दा ठीक २० वर्ष पहिले अमेरिकाले बेहोरेको कुख्यात र अत्यन्त दर्दनाक आतङ्कवादी हमलाको बेला बाइडेन सिनेटर थिए भने अहिले देशको सर्वोच्च नेतृत्वमा छन्।


सेप्टेम्बर ११ को आतङ्कवादी घटनाको दृश्य। तस्वीरः एपी

राष्ट्रपति बाइडेनले उक्त हमलामा विमान दुर्घटना गराइएको तीन स्थानमा श्रद्धाञ्जलि र सम्मान अर्पण गर्ने तय भएको थियो तर उनले सम्बोधन छोट्याएर कार्यक्रमलाई हस्तान्तरण गरेका थिए। यसैबीच, शुक्रवार अबेर ह्वाइट हाउसले रेकर्डेट भाषण जारी गर्दै वास्तविक मूल्यको राष्ट्रिय एकता र बहादुरीको पक्षमा दृढ रहन सबैमा आह्वान गरेका छन्।

उक्त कुख्यात घटनापछि राष्ट्रिय एकता र बहादुरी सबै अपेक्षित र अनपेक्षित स्थानमा उत्तिकै महत्त्वपूर्ण रहेको बताए। राष्ट्रपति बाइडेनले उक्त घटनापछि आफूले सिकेको सबैभन्दा ठूलो पाठ एकता नै ठूलो शक्ति हो भने।

शुक्रवार राति राष्ट्रपति बाइडेन ९/११ को घटनाको स्मरणमा न्यूयोर्क आइपुगे, जहाँको आकाशमा बत्ती दुःख व्यक्त गर्ने किसिमले सजाइएका थिए। उक्त अवसरमा जुम्ल्याहा ट्रेड टावर त्रस्त देखिएको दृश्य टेलिभिजनमा देखाइएको थियो। रासस

## निश्शुल्क कृत्रिम खुट्टा प्रत्यारोपण

प्रस, रक्सौल, २६ भदौ/

महावीर जयपुर फूट लिम्ब रिह्याबिलिटेशन सेन्टर ए प्रोजेक्ट अफ रोटरी क्लब वीरगंज र रक्सौल अनुमण्डल पदाधिकारी आरती कुमारी तथा स्वच्छ रक्सौलको सहयोगमा कृत्रिम खुट्टा प्रत्यारोपण कार्यक्रम सम्पन्न भएको छ।

रक्सौलमा आज ३२ जनाको खुट्टा जाँच गरिएको र त्यसमध्ये १० जना महिला/पुरुषको कृत्रिम खुट्टा प्रत्यारोपण गरिएको थियो। विभिन्न कारणबाट खुट्टा गुमाएका मानिसहरूको डा शाश्वत प्रसादले चेकजाँच गरेको र सोमध्ये १० जनाको छनोट गरेका थिए।

छनोटमा परेका दशैंजनाको कृत्रिम खुट्टा निश्शुल्क प्रत्यारोपण गरिएको थियो।


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे


### आजको राशिफल

| | |
|---|---|
| मेष – रोगभय | वृष – यात्रालाभ |
| मिथुन – कडाश्रम | कर्कट – यात्रालाभ |
| सिंह – उदरपीडा | कन्या – विजय |
| तुला – धनलाभ | वृश्चिक – भाग्योदय |
| धनु – बेचैनी | मकर – मनोरञ्जन |
| कुम्भ – कर्मप्राप्ति | मीन – प्रगति |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## ग्याँस सिलिन्डर र चुल्हो वितरण

प्रस, सेढवा, २६ भदौ/

जगरनाथपुर गाउँपालिकाले शनिवारदेखि ग्याँस सिलिण्डर तथा चुल्हो वितरण कार्य शुरू गरेको छ।



वडा नं १ पिडारीगुठीको वडा कार्यालयमा कार्यक्रमको आयोजना गरी गापा प्रमुख जालिम मियाँले ग्याँस सिलिन्डर तथा चुल्हो वितरण गरेका हुन्। दाउराको अभाव दिन प्रतिदिन बढ्दै गएको र खाना पकाउनका लागि पनि वनजङ्गलको विनाश भइरहेकोतर्फ मध्यनजर गर्दै वडावासीहरूलाई ग्याँस सिलिन्डर तथा चुल्हो वितरण गरिएको अध्यक्ष मियाँले बताए।

ग्याँस तथा चुल्हो खरीद गर्न मोटो रकम लाग्ने भएकोले गापाले निश्शुल्क वितरण गरेर ग्याँसबाट खाना पकाउन उत्साहित पारेको अध्यक्ष मियाँले बताए।

एक परिवारलाई एक थान ग्याँस सिलिन्डर, चुल्हो, रेगुलेटर, पाइप र लाइटर वितरण गर्न गत आवमा विनियोजित छ करोड रकमबाट आजदेखि वडास्तरमा वितरण कार्य शुरू गरिएको हो। गापाका छवटा वडाका करीब ८ हजार परिवारलाई ग्याँस सिलिन्डर, चुल्हो सेट वितरण गरिने अध्यक्ष मियाँले बताए।

## प्रदेश-२ को आर्थिक वृद्धिदर ३.५ प्रतिशत

धनुषा, २६ भदौ/रासस

प्रदेश नं २ सरकारले पहिलोपटक आर्थिक सर्वेक्षण २०७७/७८ प्रकाशित गरेको छ। सरकारले प्रकाशित गरेको आर्थिक सर्वेक्षण अनुसार यस प्रदेशको आर्थिक वृद्धिदर ३.५ प्रतिशत रहेको छ।




प्रत्येक आवको आठ महीनामा आर्थिक सर्वेक्षण प्रकाशित गर्ने प्रावधान रहे पनि प्रदेश सरकार गठन भएदेखि प्रथमपटक सर्वेक्षण प्रकाशित गरिएको हो। प्रदेश सरकारको आर्थिक उन्नतिका लागि गरीबी निवारण, रोजगार सिर्जना, वित्तीय क्षेत्रको सुधारलगायत आर्थिक सुशासन र वित्तीय सुशासन कायम गरी आर्थिक वृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न सोसँग सम्बन्धित विवरण संलग्न गरी आर्थिक सर्वेक्षण सार्वजनिक गरिएको अर्थ मन्त्रालयका सचिव काशीराज दाहालले बताए।

सर्वेक्षणमा वित्त, वित्तीय क्षेत्र, गरीबी निवारण, रोजगार, सुशासन, सामान्य प्रशासन, कृषि, वन तथा भूमि सुधार, उद्योग, पर्यटन तथा भौतिक पूर्वाधारका परिसूचक समावेश गरिएका छन्।

कोभिड-१९ का कारण प्रदेश-२ का मात्र नभई देशकै उद्योग, पर्यटनलगायत क्षेत्रमा नकरात्मक असर देखिए पनि कृषि र सेवाको क्षेत्रमा सुधार भएको सर्वेक्षणमा उल्लेख छ। प्रदेश नं २ मा आव २०७७/७८ मा कुल गार्हस्थ उत्पादनमा कृषि, सेवा र उद्योग क्षेत्रको योगदान क्रमशः ३९, ५०.२ र १० प्रतिशत रहेको अनुमान गरिएको थियो। सर्वेक्षण अनुसार राष्ट्रिय तहमा १३.३ प्रतिशत हिस्सा ओगटेको प्रदेश नं २ ले कोरोना महामारीमा पनि राष्ट्रको कुल गार्हस्थ उत्पादनमा १३.२ प्रतिशत योगदान पुऱ्याउन सफल देखिएको छ।

## पालिका र सेनालाई प्रदेशको दमकल

प्रस, महोत्तरी, २६ भदौ/

प्रदेश २ सरकारले महोत्तरीका दुईवटा पालिका र नेपाली सेनालाई दमकल प्रदान गरेको छ। जिल्लास्थित रामगोपालपुर नगरपालिका, सम्सी गाउँपालिका र नेपाली सेनाको मध्यपूर्वी पृतना हेडक्वार्टर बर्दिबासलाई एक/एक वटा दमकल उपलब्ध गराइएको हो।

प्रदेशको आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयबाट उपलब्ध गराइएको दमकल मन्त्री भरतप्रसाद साहले रामगोपालपुरका नगरप्रमुख अशोककुमार मण्डल, सम्सी गाउँपालिका उपाध्यक्ष नगिना देवी र नेपाली सेनाका मध्यपूर्वी पृतनाका प्रतिनिधिलाई हस्तान्तरण गरेका हुन्।

जिल्लाको जलेश्वर, गौशाला र बर्दिबासस्थित छिन्नमस्ता गणमा एक/एक थान दमकल रहेको भए तापनि आगलागी प्रकोपको बेला नियन्त्रणका लागि अपुग रहेको भन्दै प्रदेश सरकारले वारुणयन्त्र उपलब्ध गराएको हो।

## एकीकृत समाजवादी पार्टी पर्साको शपथ ग्रहण

प्रस, वीरगंज, २६ भदौ/

नेकपा एकीकृत समाजवादी पार्टी पर्साको शपथ ग्रहण समारोह शनिवार सम्पन्न भएको छ। शपथ ग्रहण कार्यक्रमका प्रमुख अतिथि सो पार्टीको दुई नं प्रदेश अध्यक्ष रामचन्द्र यादवले जिल्ला अध्यक्ष बालगोपाल थापालगायत कार्यसमितिका पदाधिकारी, सदस्यहरूलाई शपथ ग्रहण गराएका थिए।




कार्यक्रममा नेता यादवले तत्कालीन पार्टी अध्यक्षसमेत रहेका पूर्वप्रधानमन्त्री केपीशर्मा ओलीले दुई/दुई पटक संसद् विघटन गरेको, पार्टीमा पृथक विचार राख्नेविरुद्ध विभेदकारी नीति अवलम्बन गरेका कारण पार्टी फुटेको आरोप लगाए। उनले अब गठित पार्टीमा सबै कार्यकर्ता अटाउने र पार्टीलाई मजबूत पार्ने कार्यमा कुनै कसर बाँकी नराखिने बताए।

कार्यक्रममा केन्द्रीय सदस्यहरू नागेन्द्र चौधरी, चिरञ्जीवी आचार्य, सांसद पुष्पादेवी कर्ण, रामचन्द्र साहलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## कटहरियामा अन्तर्राष्ट्रिय मुशायरा सम्मेलन हुने

प्रस, गरुडा, २६ भदौ/

रौतहटको कटहरियामा अन्तर्राष्ट्रिय मुशायरा सम्मेलन हुने भएको छ।

कटहरिया नगरपालिकाका प्रमुख सियाराम कुशवाहाले शनिवार पत्रकार सम्मेलन गरी असोज ९ गते रौतहटको कटहरियामा विभिन्न देशका उर्दू कविहरूको सम्मेलन हुने जानकारी गराए।

देशमैं पहिलोचोटि कुनै स्थानीय तहको आयोजनामा कटहरियामा सीता जयन्ती मनाइएको थियो। यसैगरी, नेपाल, भारत, पाकिस्तान र क्यानडाबाट उर्दू कविहरू सहभागी हुने पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो। पहिलोचोटि अन्तर्राष्ट्रिय कवि सम्मेलन नगरपालिकाले आयोजना गर्न लागेको नगरप्रमुख कुशवाहाले बताए। सबै जाति तथा धर्मावलम्बीमा समानता र स्वाभिमानको भाव जगाउन यस प्रकारको कार्यक्रम गर्न थालिएको नगरप्रमुख कुशवाहाको भनाइ छ।

कार्यक्रममा अन्तर्राष्ट्रिय मुशायरा आयोजक समितिका लालबाबू मन्सुरीले पूर्वमन्त्री प्रभु साहको चाहनाबमोजिम मुस्लिम समुदायको पहिचान स्थापित गर्ने उद्देश्यले कार्यक्रमको आयोजन गर्न थालिएको बताए। देशमैं सबैभन्दा बढी




मुस्लिम समुदाय रहेको रौतहटमा मुस्लिमहरू दबिएर रहनुपरेको दुःखेसो गर्दै मन्सुरीले मुशायरा सम्मेलनले मुस्लिमको भावना र पहिचानको सम्मान हुने बताए।

शायर फैयास फैजीले नेपाल, भारत, पाकिस्तान र क्यानडा गरी चार देशबाट मुशायरामा सहभागी हुने कविहरू निश्चित भइसकेको जानकारी दिंदै सहयोग गर्न सबैमा अपील गरे।

तराई-मधेस जनयुद्ध शहीद स्मृति प्रतिष्ठानको भवन कटहरियामा भएको पत्रकार सम्मेलनमा नगरपालिकाका जनप्रतिनिधि, मुस्लिम समुदायका प्रतिनिधिलगायतको सहभागिता थियो।

## जसपाको टोल समिति गठन

प्रस, पर्सागढी, २६ भदौ/

पर्सागढी नगरपालिका-४ छटैली हरदासपुरमा जनता समाजवादी पार्टी नेपालले टोल समिति गठन गरेको छ।

रूपनारायण राउत कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा २१ सदस्यीय टोल समिति गठन गरिएको हो। रामलाल राउत कुर्मीको अध्यक्षतामा गठित टोल समितिको उपाध्यक्ष प्रभुराउत कुर्मी, सचिव दीपनारायण कुर्मी, कोषाध्यक्ष श्रीप्रसाद ठाकुरलगायत सदस्यहरू छन्।

कार्यक्रममा जसपाका नगर संयोजक शेख खुर्सेद, नेता ओसियर मियाँ, पन्नालाल पटेललगायत सहभागी थिए।

## वीउवासङ्घको स्वास्थ्य समिति विस्तार

प्रस, वीरगंज, २६ भदौ/

वीरगंज उद्योग वाणिज्य सङ्घले विधानबमोजिम स्वास्थ्य समिति विस्तार गरेको छ।



सङ्घका कार्यसमिति सदस्य सुमन क्यालको संयोजकत्वमा गठित समितिका सदस्यहरूमा नरेश टिबडेवाल, डा नितिन तुल्स्यान, डा शाश्वत प्रसाद, डा जेपी जैसवाल, शिवराज गौतम र सुशील खेतान छन्।

कार्यक्रममा सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताले पोखरिया अस्पताललाई व्यवस्थित गर्नका लागि एउटा भ्रमण टोली बनाइ अवलोकन गर्ने र आवश्यक सुधार गर्नुपरे समितिले पहल गर्ने बताए। उनले बालबालिकाहरूलाई लगाउने विभिन्न १२ थरी रोगविरुद्धको खोप नारायणी अस्पलातबाट मात्र दिइरहेकोमा अन्य अस्पतालहरूलाई पनि उपलब्ध गराउन समितिले पहल गर्ने बताए।

कार्यक्रममा वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष माधव राजपालगायतको सहभागिता थियो।




हरितालिका तीज पर्वको व्रतलाई समापन गर्न शनिवार निजगढ बकैया खोलामा पञ्चमीको स्नान गर्दै व्रतालु महिलाहरू ।

# महोत्तरीमा नेपाल नआएपछि कार्यकर्ता आक्रोशित

प्रस, महोत्तरी, २६ भदौ/

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपाल शनिवार महोत्तरी आउने पूर्वकार्यक्रम रहेकोमा कार्यक्रमकै दिन एकाएक स्थगितको खबर आएपछि नेपाल पक्षीय नेता, कार्यकर्ताहरू असन्तुष्ट भएका छन् ।

महोत्तरीमा आयोजना हुन लागेको पार्टी प्रवेश कार्यक्रममा प्रमुख अतिथि पार्टी अध्यक्ष नेपाल आउने तय भएको थियो । कर्णाली प्रदेशको कार्यक्रममा जानुपर्ने भएकोले महोत्तरीको कार्यक्रम अकस्मात् स्थगित गरिएको खबर आएपछि एकीकृत समाजवादीका नेता, कार्यकर्ताहरू निराश हुनुका साथै आक्रोशित भएका थिए । "पार्टी अध्यक्ष आउने भनेकोले नै हामी गाउँ–गाउँदेखि हिंडिसकेका थियौं । कार्यक्रम स्थगितको खबरले घर फर्कनुपर्दा अरू पार्टीका मानिसहरू हाँसेका छन्," उक्त पार्टीको ग्रामीण क्षेत्रका अगुवा बताउने रामसहाय हलुवाईले गुनासो गरे ।

अन्य स्थानभन्दा महोत्तरीलाई पार्टीले कम महत्त्व दिएको भन्ने आफूहरूलाई लागेको ग्रामीण युवा अगुवा रामरिझन तुरहाले बताए । महोत्तरीमा पहिले नै तय भइसकेको तर कर्णालीमा पछि तय भएको र अन्य नेताहरूसमेत प्रशस्तै रहेको कार्यक्रममा पार्टी अध्यक्ष जानाले यस क्षेत्रका नेता, कार्यकर्ताहरू निराश भएको उनको भनाइ थियो ।

सो पार्टी प्रदेश २ का इन्चार्ज धर्मनाथ साहले भने महोत्तरीलाई पार्टीले सधैं प्राथमिकतामा राखेको तर कर्णालीमा अध्यक्ष आफैं नपुगी नहुने आकस्मिक तर महत्त्वपूर्ण कार्यक्रम रहेकोले उता जानुपरेको बताएका छन् । उनले महोत्तरीमा कार्यक्रमको लागि छिट्टै अर्को मिति तय हुने बताए ।

# रेडक्रसद्वारा कृत्रिम घटना प्रदर्शन

प्रस, वीरगंज, २६ भदौ/

नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाको आयोजनामा "विद्यालय तथा समुदायमा प्राथमिक उपचारको नायक बन्नुहोस्" नारासहित कृत्रिम घटना प्रदर्शन घण्टाघर चोकमा शनिवार गरिएको छ ।

कृत्रिम घटनाको उद्देश्य अपर्झट कुनै प्रकारको दुर्घटना भए घाइतेको अवस्था बुझेर सुरक्षित तरीकाले अस्पताल वा चिकित्सकसम्म पुऱ्याउने र अकाल मृत्युबाट कसरी जोगाउन सकिन्छ भन्ने कुरा समुदायलाई जानकारी गराउनु हो । कृत्रिम घटना रेडक्रसका प्राथमिक उपचार सिमुलेटर, प्रशिक्षक, स्वयंसेवक, आरसिएटी समूहको टोलीले कृत्रिम घटना प्रदर्शन गरेको थियो ।

रेडक्रस स्वास्थ्य सेवा समितिका संयोजक दिनानाथ रौनियारको सभापतित्वमा भएको प्रदर्शनपछि आयोजित कोणसभामा नेरेसो पर्साका




सभापति वीरेन्द्रराज कँडेलले हरेक परिवारमा कमसेकम एकजना, सम्भव भए सबैजना प्राथमिक उपचार गर्न प्रशिक्षित हुनुपर्ने बताए। उनले यही उद्देश्यका साथ नेपाल रेडक्रस सोसाइटीले प्राथमिक उपचारलाई महत्त्वपूर्ण कार्यको रूपमा अगाडि बढाउँदै आएको दाबी गरे ।

कार्यक्रममा प्राथमिक उपचारबारे प्रशिक्षक सुदर्शन पण्डितले प्रस्ट्याएका थिए। कार्यक्रममा उपसभापति मधु राणा, कोषाध्यक्ष महन्तप्रसाद यादव, इन्जिनीयर रागिव हुसेन, श्रीनारायण यादव, सुरेन्द्र कानू, राजु साह, रानी गुप्ता, कृष्ण रौनियार, राजु पटेल, उदयराज शर्मा, वीरशम्मेरप्रसाद कुर्मी, मन्ताज मियाँलगायतको सहभागिता रहेको रेडक्रसका कार्यालय सहायक राजन श्रीवास्तवले बताए । कार्यक्रमको सहजीकरण उपमन्त्री साबिर अहमद ऐराजले गरेका थिए ।






# सडक दुर्घटनामा युवकको मृत्यु

प्रस, सर्लाही, २६ भदौ/

सडक दुर्घटनामा सर्लाहीको लालबन्दी नगरपालिकाका एकजना युवकको मृत्यु भएको छ। मृत्यु हुनेमा लालबन्दी–८ का ३० वर्षीय सुलभ गिरी रहेको प्रहरीले जनाएको छ ।

मोटरसाइकलमा सवार गिरीलाई सुनसरीको दुहबी नगरपालिका–८ स्थित सोनापुरमा शुक्रवार ट्रकले ठक्कर दिंदा गम्भीर घाइते भएका थिए। उपचारको क्रममा उनको मृत्यु भएको शनिवार प्रहरीले जानकारी गराएको छ । खनारबाट दुहबीतर्फ आउँदै गरेको ना.५५प ९९७९ नम्बरको मोटरसाइकललाई विनायक अक्सिजन फ्याक्ट्रीको गेटमा को.१क ३३९५ नंको ट्रकले दिंदा मोटरसाइकल चालक गिरी गम्भीर घाइते भएका थिए ।

ट्रक र सोका चालक ६० वर्षीय नारायण श्रेष्ठलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# खेलकुदको संसार

## रूपेशलाई चेस उपाधि

प्रस, काठमाडौं, २६ भदौ/

नेपाल बुद्धिचाल सङ्घका पूर्वअध्यक्ष स्व राजेशहरि जोशी स्मृति फिडे रेटिङ बुद्धिचाल प्रतियोगिताको उपाधि फिडेमास्टर रूपेश जैसवालले जितेका छन् ।



सजिलोसिभी डटकमका रूपेशले नौ खेलमा दुई बराबरी र सात जीतका साथ आठ अङ्क प्राप्त गरेका थिए। उनले रनिङ शिल्ड, ट्रफी, मेडल र नगद ५० हजार हात पारे ।

त्यसैगरी, समान साढे ७ अङ्क प्राप्त गरे पनि प्रोग्रेसिभ टाइब्रेकमा थापाथली चेस क्लबका फिडेमास्टर क्षितिज घिमिरे दोस्रो र सर्लाहीका कमल श्रेष्ठ तेस्रो भए। उनीहरूले क्रमशः नगद ३० र २० हजार प्राप्त गरे ।

ललितपुर स्पोर्ट्स क्लबद्वारा आयोजित प्रतियोगितामा डाइनामिक चेस एकेडेमी दमकका भुपेन्द्र निरौला चौथो, भक्तपुरका निकेन कुसाथा पाँचौं, सुमन लामा छैटौं, गणेशमान दुवाल सातौं, रौतहटका सुशील चौधरी आठौं, दोलखाका राजीव कार्की नवौं र फिडेमास्टर मनीष हमाल दशौं भए ।

पाँच दिने प्रतियोगितामा महिलातर्फ सुजाना लोहनी, अनिषा न्यौपाने, आभा पुडासैनी क्रमशः प्रथम, दोस्रो र तेस्रो भए। उनीहरूले नगद १० हजार, ८ हजार र ६ हजार पुरस्कार पाए ।

यसैगरी, सजिन महर्जन ललितपुर उत्कृष्ट भई नगद ७ हजार प्राप्त गरे। अनरेटेडतर्फ सानुभाइ महर्जन प्रथम र विनय राई दोस्रो भए ।

विजयी तथा सहभागी खेलाडीहरूलाई प्रमुख अतिथि राखेपका सदस्यसचिव रमेश सिलवाल, ललितपुरका समाजसेवी प्रकाशनन्दन जोशी, जिल्ला सहकारी सङ्घ ललितपुरका अध्यक्ष माधव दुलाललगायतले पुरस्कृत गरेका थिए ।

कार्यक्रम आयोजक क्लबका अध्यक्ष हिराकाजी महर्जनको सभापतित्वमा सम्पन्न भएको थियो ।

## सन्दीप एक्लैले छ विकेट लिएपछि नेपाललाई सिरिज

काठमाडौं, २६ भदौ/रासस

लेग स्पिनर सन्दीप लामिछाने एक्लैले छ विकेट लिएपछि नेपालले पपुवा न्यूगिनीविरुद्धको क्रिकेट सिरिज जितेको छ। नेपालले पपुवा न्यूगिनीलाई दोस्रो एकदिवसीय खेलमा १५१ रनअन्तरले पराजित गर्दै सिरिज दुई शून्यले आफ्नो पक्षमा पारेको हो ।

ओमानमा भएको एकदिवसीय सिरिज अन्तर्गत शुक्रवारको डे–नाइट खेलमा नेपालका लामिछानेले उत्कृष्ट बलिङ गर्दै पपुवा न्यूगिनीको पारीलाई ध्वस्त पारे । उनले पाँच दशमलव एक ओभर बलिङ गर्दै मात्र ११ रन खर्चिए। लामिछानेको यो नै हालसम्मको उत्कृष्ट बलिङ हो। यसअघि उनले सन् २०२० मा कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा अमेरिकाविरुद्धको खेलमा १६ रन खर्चेर छ विकेट लिएका थिए ।

नेपालले पपुवा न्यूगिनीसामु जीतका लागि २३४ रनको लक्ष्य प्रस्तुत गरेको थियो। जवाफी ब्याटिङ गर्ने क्रममा पपुवा न्यूगिनीले १९ दशमलव एक ओभरमा सबै विकेट गुमाएर ८२ रन मात्र बनाउन सक्यो। उसका लागि टोनी उराले १९, चार्ल्स अमिनीले १६, नर्मन भानुआले १२, सेसे बाउले ११ र गाउडी टोकाले १० रन बनाए। बलिङतर्फ नेपालका लागि सोमपाल कामी, विक्रम सोब र सुशन भारीले एक/एक विकेट लिए ।

यसअघि नेपालले टस जितेर पहिले ब्याटिङ गर्दै ४९ दशमलव तीन ओभरमा सबै विकेट गुमाएर २३३ रन बनाएको थियो। सङ्कटमा परेको नेपालको पारीलाई रोहितकुमार पौडेल र करण केसीले माथि उकासेका थिए। पौडेलले उत्कृष्ट ब्याटिङ गर्दै ८६ रनको योगदान दिए। सो क्रममा उनले १२३ बल खेल्दै तीन छक्का र दुई चौका हाने। यस्तै, केसीले २६ बलमा ४२ रन बनाए। यसमा उनको चार छक्का र दुई चौका सामेल थियो ।

नेपालका लागि कप्तान ज्ञानेन्द्र मल्लले ७० बलमा दुई छक्का र तीन चौकाको मदतमा ४५, विनोद भण्डारीले १७ तथा सोमपाल कामीले ११ रन बनाए। बलिङतर्फ पपुवा न्यूगिनीका चाड सोपरले तीन, कबुआ मोरिया र नर्मन भानुआले दुई/दुई तथा चार्ल्स अमिनीले एक विकेट लिए । यसअघि पहिलो एकदिवसीय खेलमा नेपालले पपुवा न्यूगिनीलाई दुई विकेटले पराजित गरेको थियो। नेपालले अब सोमवारदेखि आइसिसी विश्वकप क्रिकेट लिग–२ अन्तर्गत ओमान र अमेरिकासित त्रिकोणात्मक एकदिवसीय सिरिज खेल्नेछ। ओमान सिरिज आगामी असोज ४ गतेसम्म सञ्चालन हुनेछ। त्रिकोणात्मक सिरिजमा नेपालले ओमान र अमेरिकासँग दुई/दुई खेल खेल्नेछ ।

# ढलान सडक र नालाको शिलान्यास

प्रस, वीरगंज, २६ भदौ/

वीरगंज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले वडा नं ११ मा निर्माण हुने ढलान सडक र नालाको शिलान्यास गरेका छन् ।

नगरस्तरीय बजेटबाट सो वडाको श्रीपुरमा निर्माण हुन लागेको ढलान सडक र नालाको शनिवार नगरप्रमुख सरावगीले शिलान्यास गर्दै वर्षौंदेखि जीर्ण सडक र नाला निर्माण हुन लागेको र निर्माणपछि वडावासीको आवतजावतमा सहजता हुने बताए । उनले नाला निर्माणपछि पानीको उचित निकास भई डुबान समस्याबाट मुक्त हुने दाबी



गरे ।

वडाध्यक्ष प्रद्युम्न सेढाईंको अध्यक्षतामा भएको कार्यक्रममा जनता समाजवादी पार्टी पर्साका जिल्ला अध्यक्ष रामनरेश यादव, सचिव तबरेज अहमदलगायत सहभागी थिए ।

# हिन्दू महिलाहरूले ऋषिपञ्चमी मनाए

प्रस, बिरुवागुठी, २६ भदौ/

हिन्दू महिलाहरूको महान् पर्व हरितालिका तीजको अन्तिम दिन शनिवार महिलाहरूले ऋषिपञ्चमीको पूजापाठ गरी मनाएका छन् ।

ऋषिपञ्चमी गर्ने महिलाहरू बिहानै नदी, तलाउ र घरमा स्नान गरी सामूहिकरूपमा जम्मा भएर ऋषिपञ्चमीको पूजा अर्चना गरे । यस वर्ष शुक्र अस्त, बृहस्पति वक्र भएको साथै विश्व घर्ष पक्ष भएको कारण पञ्चमीको नयाँ व्रत तथा पूजापाठ गर्न र पञ्चमी गरिरहेका महिलाहरूले यस वर्ष साङ्गे (पञ्चमी पूजाको अन्त्य) गर्न शुभ नरहेको पर्सागढी नगरपालिका–३ का युवा पण्डित टीकाराम अधिकारीले बताए । तर पहिलेदेखि नै पञ्चमीको पूजा गर्दै आइरहेका महिलाहरूले भने पञ्चमी पूजा गर्न सक्ने उनले बताए ।

रजदोष देखिएका बेलामा जानेर वा नजानेर महिलाहरूबाट कतै छुवाछूत हुन



गएको कारण दोष शान्तिको लागि पञ्चमी पूजा गर्ने धार्मिक मान्यता पनि रहिआएको छ ।

समाजमा पञ्चमी पूजा महिलाहरूले मात्र गर्ने चलन रहे तापनि धार्मिक मान्यता अनुसार पति र पत्नी मिली दुवैले गर्दा उत्तम फल प्राप्त हुने धर्मग्रन्थमा उल्लेख रहेको पण्डित अधिकारीले बताए। पञ्चमी पूजा सकिएपछि महिलाहरू सामूहिकरूपमा नाँचगान गर्दै नदी, तलाउमा फूलपाती तथा पूजाका सर्जाम सेलाउने चलन छ ।